**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः २६ दिसम्बर २०२४

समयः १८:५० – १६:०० बजे

**<u>मुख्य समाचार</u>**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले आगामी २६ जनवरीमा भारतीय संविधानले ७५ वर्ष पूरा गर्न पाउनु ठूलो गौरवको कुरा भएको बताउनु भएको छ।

२. पासपोर्ट जालसाजी रोक्न कोलकाता पुलिसले विभिन्न कदम चालिरहेको छ।

३. डुवर्समा नेपाली साहित्य विकास समितिको स्वर्ण जयन्ती समारोह भव्यतासाथ सम्पन्न भएको छ।

४. बिजनबारीको साहित्यिक संस्था प्रतिभा प्रेरणा परिषदले, यस पालिको प्रतिभा प्रेरणा पुरस्कार राममणि जोशीलाई प्रदान गर्ने भएको छ|

५. युनाइटेड दार्जिलिङ एफसीले तीनधारे च्यालेञ्ज कप फुटबल टुर्नामेन्टको सेमीफाइनलमा प्रवेश गरेको छ।

**<u>मनकी बात</u>**

प्रधानमंत्री नरेन्द्र मोदीले भन्नुभयो– संविधान हाम्रो निम्ति मार्गदशक हो र यो ठूलो गर्वको कुरो हो कि भारतीय संविधानको आगामी वर्ष २६ जनवरीमा ७५ वर्ष पूरा हुनेछ। आकाशवाणीको 'मन की बात' कार्यक्रममा राष्ट्रलाई सम्बोधन गर्नुहुँदै प्रधानमंत्रीले संविधान समयको हरेक मानकमा सही ठहरिएको बताउनुभयो। उहाँले भन्नुभयो यस वर्ष संविधान दिवसको अवसरमा कैयौं गतिविधि शुरू गरिएको छ जुन सालभरि नै चलिरहनेछ। उहाँले भन्नुभयो , संविधानको विरासतसित नागरिकहरूलाई जोड़न constitution 75.com नामक एक विशेष वेबसाईट बनाइएको छ। प्रधानमंत्रीले मनकी बातका श्रोताहरूजलाई यस वेबसाईटलाई हेर्नको लागि अनुरोध पनि गर्नुभएको छ। मानिसहरूले संविधानको प्रस्तावलाई पढ़न एवम् वेबसाईटमा आफ्नो वीडियो अपलोड गर्न सक्नेछन्। यस वेबसाइटमा अलग–अलग भाषाहरूमा संविधानलाई पढ़नेको अवसर मिल्नका साथै संविधानसित जड़ित प्रश्नहरू राख्नपनि सक्नेछन्। प्रधानमंत्रीले भन्नुभयो– अघिल्लो वर्षको १३ जनवरीदेखि प्रयागराजमा महाकुम्भ हुन गईरहेको छ जसको तयारीहरू धमाधम चलिरहेछ। उहाँ केही दिन पूर्व हेलीकप्टरद्वारा प्रयागराजको सम्पूर्ण अवलोकन गर्नुभएको उल्लेख गनहुँदै यस महाकुम्भको विशेषता केवल यसको विशालता नभएर यसको विविधतामा रहेकोमा गर्व व्यक्त पनि गर्नुभयो। प्रधानमंत्रीले भन्नुभयो, यस आयोजनामा लाखौं सन्त ,हजारौं परम्परा र कैयौं मण्डलीसहित करोड़ौ मानिस एक साथ जुटनेछन्। जसमा कुनै भेदभाव हुँदैनन्। विविधतामा एकताको यस्तो दृश्य विश्वमा अन्य कही देख्न पाइन्दैन। प्रधानमंत्रीले कुम्भ एकताको महाकुम्भमा भाग लिएर एकताका संकल्पलाई बलियो बनाउनका निम्ति अनुरोध गर्नुभयो। उहाँले मानिसहरूसित समाजमा विभाजन र विद्वेषको भावनालाई नष्ट गर्न संकल्प लिइनको निम्ति आवहान पनि गर्नुभयो। महाकुम्भको संदेश, 'एक हो पूरा देश' को नारा दिनुहुँदै उहाँले गंगाको निवार्ध प्रवाह सरह अविभाजित समाजको अशा पनि व्यक्त गर्नुभयो।प्रधानमंत्रीले प्रयागराजमा देश र विश्वभरका श्रदालु डिजिटल महाकुम्भको साक्षी बन्ने कुरोमा जोड़ दिनुभयो। डिजिटल नेवीगेशनको मददले मानिसहरू विभिन्न घाट, मन्दिर अनि साधुहरूको मण्डलीसम्म पुग्ने व्यवस्था गरिएको छ अनि पांकिगसम्म पुग्ने व्यवस्था गरिएको छ।

****** ० *****

**<u>प्राथमिक परीक्षा र सेमिष्टर पद्धति</u>**

अब राज्यका प्राथमिक पाठशालाहरुमा पनि सेमिस्टर पद्धति शुरु हुन गइरहेको छ। आउँदो वर्षदेखि सेमिस्टर प्रद्धतिमा विद्यार्थीहरुको परीक्षा लिइनेछ। राज्यको प्राथमिक शिक्षा पार्षदले अब वर्षमा दुईपल्ट परीक्षा लिने निर्णय गरेको छ। परीक्षा पद्धति सँगसँगै पाठ्यक्रममा पनि ठूलो परिवर्तन गरिनेछ। राज्यका प्राथमिक शिक्षा पर्षादका सभापति गौतम पालले यस परीक्षा पद्धति शुरु गर्ने घोषणा एक पत्रकार सम्मेलनमा गर्नुभएको हो। यस नयाँ पद्धतिलाई क्रेडिट बेस्ड सेमिस्टर पद्धति नाम दिइएको छ। आगामी वर्ष 2025 को शिक्षा यसै पद्धतिमा आरम्भ गरिनेछ। प्रथम श्रेणीदेखि पाँचौं श्रेणीसम्म यो पद्धति लागु हुनेछ। पर्षदको जानकारी अनुसार 2025 को शिक्षा वर्षमा पुरानै पाठ्यक्रमको आधारमा परीक्षा हुनेछ अनि

2026 देखि प्राथमिक कक्षाका ि पाठ्यक्रममा फेरबदल गरिनेछ।

****** ० *****

**कोलकाता पुलिस**

पासपोर्ट जालसाजी रोक्न कोलकाता पुलिसले विभिन्न कदम चालिरहेको छ। कोलकाताका पुलिस आयुक्त मनोज वर्माले हिजो पत्रकार सम्मेलनमा आवेदकहरूको प्रमाणिकरण प्रक्रियालाई अझ कडा बनाइने अनि पुलिस बल अधिकारीहरूले सम्बन्धित कर्मचारीहरूसँग राम्रो समन्वय कायम गर्नुपर्ने बताउनु भयो। पश्चिम बंगालबाट पासपोर्टको लागि आवेदन गर्ने अन्य राज्यका मनिसको जन्मतिथि तथा आपराधिक इतिहास पनि जाँच गरिनेछ। आवेदकहरूको विवरण राष्ट्रिय पोर्टलमा पनि अपलोड गरिनेछ।

****** ० *****

**नक्सलबारी**

नक्सलबारी पुलिसले परालले भरिएको लरीमा गाईवस्तु तस्करी गर्ने प्रयासलाई विफल पारेको छ। ४० वटा गाईवस्तु सहित दुई अभियुक्तलाई पक्राउ गरिएको छ। दुवै आरोपी आसामका बासिन्दा हुन्। पुलिसले हिजो राति लरीमा निरीक्षण गर्दा गाईवस्तु बरामद गरेको थियो, जुन बिहारबाट अलिपुरद्वार हुँदै बंगलादेश तस्करी गर्ने योजना थियो। पुलिसले थप कारबाही अघि बढाएको छ।

****** ० *****

**स्वर्ण जयन्ती**

डुवर्समा नेपाली साहित्य विकास समितिको स्वर्ण जयन्ती समारोह भव्यतासाथ सम्पन्न भएको छ। अलिपुरद्वार जिल्लाको बीरपाडा नेपाली वरिष्ठ माध्यमिक विद्यालयको खेलमैदानमा आयोजित यो कार्यक्रमले नेपाली भाषा, साहित्य, कला र संस्कृति प्रवर्द्धन गर्ने उद्देश्यलाई मूर्तरूप दिएको छ। समारोहको प्रमुख अतिथिका रूपमा सिक्किम सरकारका शहरी विकास तथा खाद्य आपूर्ति विभागका मन्त्री भोजराज राईको हुनुन्थ्यो। कार्यक्रमको सुरुआत दीप प्रज्वलनबाट भएको थियो, र "डुवर्सका कविताहरू" नामक सामूहिक कविता संग्रह विमोचन गरियो। यसको साथै, डुवर्स क्षेत्रका साहित्यकार, कलाकार र सामाजिक स्रष्टाहरूलाई सम्मान गरिएको थियो। समारोहमा सांस्कृतिक कार्यक्रम, स्वास्थ्य सेवा, पुस्तक बिक्री, र नेपाली परम्परागत सामग्रीहरूको प्रदर्शनी पनि थियो। कार्यक्रममा उपस्थित दार्जिलिंगका सांसद राजु बिष्टले डुवर्स नेपाली साहित्य विकास समितिको प्रयासको प्रशंसा गर्दै गोर्खा जातिको पहिचान अनि साहित्यिक समृद्धिका लागि एकतामा जोड दिनु भयो।

****** ० *****

**लंगभीउ -भीरबाट निधन**

खर्सांगको लंगभीउ चीया बगानको एउटा भीरबाट खसेर एक जना सिभिक भोलेन्टीयरको निधन भएको छ। यो घटना हिजो अबेर राती घटेको स्थानीयहरूले बताएका छन्। मृत व्यकतिको नाम सत्यम प्रधान रहेको बताइएको छ। उनी लंगभीउ इलाकामा नै ड्युटीमा तैनात थिए। हिजो देखि हराएका व्यक्तिको खोजी गर्दा गाँउलेहरूले भीर मुनि उनको लाश देखे। तथा गाड़ीधुरा पुलिस चेक पोस्टलाई सूचित गरे। पुलिसले घटनास्थलमा पुगेर शवलाई लिएर लंगभीउ चीय बगान अस्पतालमा ल्यायो। पोस्टमर्टनका लागि सिलगडी लगिएको स्थानीयहरूले बताएका छन्। मर्ने व्यकतिको उमेर करीब 40 वर्ष रेहेको स्थानीयहरूले बताएका छन्। पुलिसले घटनाको छानबीन गरिरहेको छ।

****** ० ******

**भागोप्रमो टाउन कमिटी गठन**

भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा युवा शक्तिको मिरिक टाउन कमिटी गठन भएको छ। आज पार्टी कार्यलयमा सम्पन्न भएको एक सभाबीच आशिष तामाङलाई युवा टाउन कमिटीको अध्यक्षको रूपमा चयन गरिएको छ। यसरी नै संयोजकको रूपमा दावा तामाङ, आलोक गुरूङ, निग्मा लेप्चा अनि प्रनित गुरूलाई संयोजकको रूपमा चयन गरिएको छ। यस विषयमा बोल्दै युवा शक्ति मिरिक महकुमा अध्यक्ष उमेश तोलाङगीले भागोप्रमो अध्यक्ष अनित थापाको निर्देशमा नै आज यो पदभार सुम्पिएको बताउनु भएको छ।

****** ० ******

**पाँचौं प्रतिभा प्रेरणा पुरस्कार**

बिजनबारी भेगको साहित्यिक संस्था प्रतिभा प्रेरणा परिषद्ए पुल-बिजनबारी खण्डले द्वीवार्षिक रुपमा प्रदान गरिने प्रतिभा प्रेरणा पुरस्कार यस वर्ष साहित्यकार राममणि जोशीलाई प्रदान गरेको छ। पुलबजार सार्वजनिक भवनमा आयोजित एक भव्य साहित्यिक कार्यक्रमको साथमा उनलाई उक्त पुरस्कार प्रदान गरिएको हो। समारोहमा बिजनबारी भेगका साहित्यकार तथा सामाजिक संघसस्थाका प्रतिनिधीहरु एवं क्षेत्रभरीका साहित्यिक अनुरागीहरुको बाक्लो उपस्थिति थियो। आयोजनहरूले ओझेलमा परेका साहित्यिक खाबोहरुलाई उनीहरूले गरेको अमूल्य योगदानहरूको कदर गर्दै यो पुरस्कारको शुरूवात गरिएको परिषदका महासचिवले बताए। उक्त पुरस्कारको निम्ति परिषद्का पाँच सदसीय चयन समितिले पाँचजना साहित्यकार हरू मध्ये जोशीको चयन गरेका हो। साहित्यकार राममणि जोशी दार्जिलिङे साहित्य जगतमा एक चीरपरिचित हस्ति हुन् भने उनले अस्सीको दशकदेखि निरन्तर रूपमा नेपाली साहित्यको विभिन्न क्षेत्रमा कलम चलाई राखेका छन्। उनको लेखनीमा आँगन कविता सङ्ग्रह र जिन्दगीको लेखापढी (गोर्खाल्याण्ड आन्दोलनताका नङमासु छुटेको परिवेश बिशेष लेख सङ्ग्रह) प्रमुख रहेका छन।

****** ० ******

**सम्मान कार्यक्रम सम्पन्न**

सुके खण्डको पोख्रेबुङ ग्राम पञ्चायत तीनका मंगरजोङ चियाबारी निज गाउँ ग्राम सुधारक समितिको तत्वाधानमा सभापति डी के मोक्तानको विशेष अध्यक्षतामा आज वार्षिक एवं सम्मान कार्यक्रम सम्पन्न गरिएको छ। सचिव भक्त प्रधानले सञ्चालन गरेको उक्त सभामा वार्षिक आयव्ययसितै गाउँका स्तानक २०२४ मा उतीर्ण बन्ने मेधावी छात्र ग्यामा तामाङ, किक स्टार फुटबल एकाडेमिक बैंगलोरमा चयन हुने गाउँका युवा खेलाडी जोएस राई अनि समाजसेवी शिक्षिका सुरैया प्रधानलाई पनि भव्यताका साथमा समितिले सम्मान जनाएको छ।

**नयाँ पार्टी**

पहाडमा केही दिन अघि गठन भएको नयाँ राजनैतिक पार्टी ईण्डियन गोर्खा जनशक्ति फ्रण्टको संगठन बढाउने कार्य साथै विभिन्न स्थानहरुमा पार्टीको झण्डा लगाउने कार्य निरन्तर रुपमा अघि लगिरहेका छन्। यसै क्रममा सोनादा क्षेत्रमा ईण्डियन गोर्खा जनशक्ति फ्रण्ट पार्टीको झण्डा लगाउने कार्य सम्पन्न गरिएको छ। सोनादा क्षेत्रमा ईण्डियन गोर्खा जनशक्ति फ्रण्टका एकजना नेतृत्व अमृत प्रधानले गोर्खा जातिको हराउँदै गएको अस्तित्व पुनः फर्काई ल्याउनलाई अजय एडवर्डसको नेतृत्वमा पहाडमा नयाँ राजनैतिक पार्टी गठन गरिएको बताउनु भएको छ। उहाँले यो राजनैतिक पार्टीले गोर्खाको हालमा ढलेको शिरलाई पुनः उठाउन कम्मर कसेर होम्मिएको बताउनु भएको छ|

****** ० ******

**फुटबल**

स्थानीय खेलाडी गणेश लिम्बुको एक मात्र गोलको मद्दतमा युनाइटेड दार्जिलिङ एफसीले तीनधारे च्यालेञ्ज कप फुटबल टुर्नामेन्टको सेमीफाइनलमा प्रवेश गरेको छ। तीनधारेको मिठाईडाँडा खेल मैदानमा युनाइटेड तीनधारे स्पोर्ट्स एसोसिएसनद्वारा आयोजित प्रतियोगितामा आज दोस्रो क्वाटरफाइनल खेल नर्थ बेंगल आर्म पुलिस अनि युनाइटेड दार्जिलिङ एफसीबीच सम्पन्न भयो। सेमीफाइनलमा युनाइटेड दार्जिलिङ एफसीको भिडन्त ३१ डिसेम्बरमा मोरङ नेपाल अनि युकेएफसीबीचको क्वाटरफाइनल विजेतासँग हुनेछ। आजको खेलमा गणेश लिम्बु उत्कृष्ट खेलाडी घोषित भए। भोलि जर्जियन एफसी कालेबुङ अनि नर्थ बेंगल फुटबल क्लब सिलगढीबीच अर्को क्वाटरफाइनल खेल हुने सचिव रञ्जित थापाले जानकारी दिनु भएको छ।

****** ० ******

**सडक मरमती**

रांगभांग गोपलधारा ग्राम पञ्चायत सदस्य कृष्णबीर प्रधानले गोपाल फाटकदेखि गोपाल राशन दोकानसम्मको

सडक मरमती कार्य सम्पन्न नभएसम्म गाडी नचलाउन अनुरोध गरिएको छ। श्री प्रधानले यस सडकको मरम्मत भोलि देखि सुरू हुने जानकारी दिनु भएको छ। उहाँले काम युद्धस्तरमा अघि बढ्ने अनि कुनै बाधा नपरोस् भनेर सडकमा गाडी चलाउन रोक लगाइएको बताउनुभयो। प्रधानमन्त्री ग्राम सडक योजना अन्तर्गत निर्माण गरिएको यस सडकको मरम्मतपछि यातायात सहज हुने अपेक्षा गरिएको छ।

****** ० ******

**बस दुर्घटना**

मेदिनिपुर जिल्लाको दाँतान क्षेत्रमा आज यात्रीबाहक बस अनियन्त्रित भई सडकमा पल्टिंदा २० भन्दा बढी यात्री घाइते भएका छन् । तीमध्ये केहीको अवस्था चिन्ताजनक रहेको छ । स्थानीय सुत्रका अनुसार यात्रीबाहक बस मोहनपुरबाट मेदिनीपुरतर्फ जाँदै थियो। दुर्घटनामा बसमा सवार सबै घाइते भएका छन्। घाइतेहरुलाई खण्डरुई अस्पतालमा भर्ना गरिएको छ ।

****** ० ******

**सिलगढी**

सिलगढी पुलिस स्टेशनले आपराधिक घटनाहरू अघि पाँच बदमाशहरूलाई पक्राउ गरेको छ। पुलिस सुत्र अनुसार पिएनटी गलीमा हिजो राति एउटा समूह भेला भएर ठूलो आपराधिक घटना गर्न पुगेको थियो। सिलगढी थानाको पुलिसलाई यो कुरा थाहा भए पछि पुलिस टोलीले अपरेसन चलाएर घटनास्थलबाट पाँचजनालाई पक्राउ गरेको थियो। पुलिस ले अपहरणकारीहरुबाट ठूलो संख्यामा हतियार समेत बरामद गरेको छ। सिलगढी पुलिस स्टेशनले थप कारबाही सुरु गरेको छ।

****** ० ******